**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०२ मार्च २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालमा उच्चत्तर माध्यमिक परीक्षा भोलि सोमवारदेखि शुरू भइरहेको छ।
- पश्चिम बंगाल सरकारले चिया बगानको ३० प्रतिशत जमिनलाई व्यावसायिक प्रयोजनका लागि विनियोजन गर्ने निर्णय गरेको विरोधमा चिया श्रमिक सुरक्षा समितिका सदस्यहरूले तय गरेको २४ घण्टे अनशन समाप्त भएको छ।
- कोलकाताको जादवपुर विश्वविद्यालयमा हिज शिक्षा मंत्री ब्रत्य बसुमाथि भएको कथित हमलाको विरोध गर्दै आज दार्जीलिङ्गमा छात्र परिषदले प्रदर्शन गरे।
- आजदेखि रमजान महिना सुरु भएको छ।
- निर्वाचन आयोगले मतदाता पहिचान पत्रमा हुने EPIC नम्बर, कुनै दुइ व्यक्तिको दोहोरिएको अथवा एउटै भएको खण्डमा, ती व्यक्तिहरुको पहिचान पत्र फर्जी नहुने बताएकोछ।

**उच्च-माध्यमिक**

उच्च माध्यमिक परीक्षा भोलि सोमवारदेखि शुरू भइरहेको छ। गत वर्षको तुलना मा यस पटक परीक्षा दिने अभ्यर्थीहरुको संख्यामा भारी कमी आएको छ। गत वर्ष लगभग सात लाख 90 हजार अभ्यर्थीले उच्च माध्यमिक परिक्षा दिइरहेका थिए भने यस पटक यो संख्या लगभग पांच लाख नौ हजार रहेको छ। प्रत्येक वर्ष जस्तै उच्च माध्यमिक परीक्षा केंद्रहरुमा मेटल डिटेक्टर लगाइएको छ। परीक्षा केंद्रहरुमा सीसीटीवी कैमराहरु पनि लगाइएको छ। उच्च माध्यमिक परीक्षा आगामी 18 मार्चमा समाप्त हुनेछ। परीक्षा बिहान 10 बजेदेखि शुरू भएर दिउँसो 1 बजेर 15 मिनटमा समाप्त हुनेछ। यस वर्ष पश्चिम बंगाल उच्चतर माध्यमिक शिक्षा परिषदले साना पैकेटहरुमा प्रश्न पत्रहरु पठाउने खबर प्राप्त भएको छ।

**धर्ना**

पश्चिम बंगाल सरकारले चिया बगानको ३० प्रतिशत जमिनलाई व्यावसायिक प्रयोजनका लागि विनियोजन गर्ने निर्णय तथा चिया बगान क्षेत्रका श्रमिकहरूलाई ५ डेसिमल जमिनको पट्टा वितरण गर्ने योजनाको विरोधमा चिया श्रमिक सुरक्षा समितिका सदस्यहरूले तय गरेको २४ घण्टे सांकेतिक विरोध अनशनलाई एकबद्धता जनाउँदै दार्जीलिङको सांसद राजु बिष्ट आज बिहान चौरस्ता पुग्नुभएको थियो। श्री बिष्टले यस सम्बन्धमा सरकारको निर्णय, जनताको चासो, र यसको सम्भावित प्रभावका बारेमा विस्तृत रूपमा चर्चा गर्दै स्थानीय समुदायको मांगलाई सशक्त रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। यसको साथै श्री विष्टले राज्य सरकारको नीतिले पहाड अनि तराई डुवर्सको भविष्य खतरामा पर्ने कुरो पनि बताउनुभयो। यसै बीच २४ घण्टे लामो अनशनको अन्त्य गर्दै चौरस्ता परिसरमा चियावारी सम्वन्धी जारी ३ वटै सरकारी अधिसूचना दहन गरियो। अर्कोतिर टी टुरिजम, ५ डेसिमल अनि ३० प्रतिशत भूमि आवण्टनबारे जारी सबै प्रकारको अधिसूचनाहरु फिर्ता लिनपर्ने मागमा अडिग दार्जीलिङ तराई डुवर्स चिया सुरक्षा समितिले चियावारी क्षेत्रमा विरोध प्रदर्शनीसँगै भोलिदेखि शुरू उच्चतर माध्यमिक परिक्षा समाप्तिपछि उत्तरकन्यासम्म वृहत प्रतिवाद जुलुस  गरिने खबर प्राप्त भएको छ।

**जादवपुर**

कोलकाताको जादवपुर विश्वविद्यालयमा हिज शनिवार भएको अशांति तथा शिक्षा मंत्री ब्रत्य बसु माथि कथित हमलाको क्रममा पुलिसले एक छात्रलाई हिरासतमा लिएको छ। हिज भएको अशांतिको मामलामा जादवपुर पुलिस स्टेशनमा पांचवटा प्राथमिकी पनि दर्ता गरिएको छ जस मध्ये तीनवटा पश्चिम बंगल महाविध्यालय एवं विश्व विध्यालय प्राध्यापक संगठनको तर्फबाट दर्ता गरिएको छ। प्राध्यापकहरुका संगठनले सरकारी संपत्तिको तोड़फोड़ अनि आगजनी सहित विभिन्न आरोपहरु अन्तर्गत प्राथमिकी दर्ता गरेको हो। अर्कोतर्फ परिसरमा लापरवाहीसित वाहन चलाएको आरोपमा छात्रहरुको तर्फबाट पनि प्राथमिकी दर्ता

गरिएको छ। पुलिसले मामलाको जांच गरिरहेको छ। यसै बीच हिज भएको अशांति पछि आज जादवपुर विश्वविद्यालय परिसरमा तनावपूर्ण वातावरण बनीरहेको थियो। अभया मंच अनि डॉक्टरहरुका संयुक्त मंचले यस मामला मा छात्रहरुको आंदोलनको समर्थन गरेको खबर पनि प्राप्त भएको छ।

**<u>दार्जिलिङ</u>**

यसै बीच दार्जीलिङको चौक बजारमा आज छात्र परिषदका सदस्यहरूले जादवपुर विश्वविद्यालयमा हिज शिक्षा मंत्री ब्रत्य बसुमाथि भएको आक्रमणको विरोधमा व्यापक पोस्टरिङ गर्दै प्रदर्शन गरे। दार्जीलिङ जिल्ला छात्र परिषदले यस घटनाको कडा निन्दा गर्दै दोषीहरूमाथि कडा कारबाहीको माग गरेको छ।

**<u>पी.एम-रमजान</u>**

आजदेखि रमजान महिना सुरु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आज रमजानको पवित्र महीनाको शुरूआती अवसरमा मानिसहरूलाई शुभकामना दिनुभयो। सोशियल मीडियामा गरिएको एक पोस्टमा श्री मोदीले यस पर्वद्वारा समाजमा शान्ति र सद्भाव मिलोस भन्ने कामना गर्नुभयो। प्रधानमन्त्रीले रजमानको पवित्र महिना श्रद्धा एवं भक्तिको प्रतीक हो जसले देशवासीहरूलाई करूणा, दया र सेवाका मूल्यहरूको स्मरण गराउदछ भन्नुभयो।

**<u>निर्वाचन आयोग EPIC</u>**

निर्वाचन आयोगले मतदाता पहिचान पत्रमा हुने EPIC नम्बर, कुनै दुइ व्यक्तिको दोहोरिएको अथवा एउटै भएको खण्डमा, ती व्यक्तिहरुको पहिचान पत्र फर्जी नहुने तथा उनीहरुको मतदान गर्ने अधिकार वैध नै रहेको बताएको छ। आयोगले दुई भिन्न राज्यका मतदाताहरूको एउटै EPIC नम्बर भएको मुद्दालाई उजागर गर्ने मिडियाका केही रिपोर्टहरू पछि एउटा विज्ञप्तिमा यो जानकारी दिएको हो। आयोगले स्पष्ट पारेको छ कि केही मतदाताको EPIC नम्बर एउटै हुन सक्नेछ, तर समान EPIC नम्बर भएका मतदाताहरूको लागि जनसांख्यिकीय विवरण, विधानसभा निर्वाचन क्षेत्र र मतदान केन्द्र सहित अन्य विवरणहरू फरक हुँदछ। आयोग अनुसार कुनै पनि मतदाताले आफ्नो राज्य वा केन्द्र शासित प्रदेशको सम्बन्धित निर्वाचन क्षेत्रमा आफ्नो तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न सक्छ जहाँ उनीहरूको मतदाता सूचीमा नाम दर्ता भएको हुनेछ।

**<u>जीएसटी</u>**

देशको सकल वस्तु एवं सेवा करए जीएसटीए संकलन यस वर्ष फरवरीमा पछिल्लो सालको यसै महीनाको तुलनामा ६ दशमलव एक प्रतिशत बढेर एक लाख ८४ हजार करोड़ रुपियाँ भएको छ। फरवरी लगातार १२ औं महिना हो जब जीएसटी सङ्कलन १ लाख ७० हजार करोड रुपियाँ नाघेको छ।

**<u>बागडोगरा-ब्राउन शुगर</u>**

बागडोगरा पुलिस अनि विशेष कार्य दल (एसओजी) ले 3 सय 4 ग्राम ब्राउन शुगर साथै दुइ आरोपितलाई आज गिरफ्तार गरेको छ। गिरफ्तार आरोपितहरु सालूगड़ा क्षेत्रको रहेको बताइएको छ। सूत्र अनुसार, एसओजीले आज अपराहन्न गुप्त सूचनाको आधारमा बागडोगरा थाना पुलिसको सहायता लिएर अभियान चलाएर बाइकमा सवार दुइ व्यक्तिहरुलाई रोकेर जाँच गर्दा यी व्यक्तिहरुसित 3 सय 4 ग्राम ब्राउन शुगर रहेको पायो, जस पछि यी दुवैलाई एनडीपीएस ऐन अन्तर्गत मामला दर्ता गरी गिरफ्तार गरिएको छ। दुवै आरोपितलाई भोलि सोमवार सिलीगुड़ी अदालतमा पेश गरिनेछ। पुलिस अनुसार, गिरफ्तार आरोपितहरुले दालखोलादेखि मादक पदार्थ लिएर सिलीगुड़ीमा तस्करी गर्न गइरहकेका थिए।

**<u>कालेबुङ</u>**

कालेबुङ थाना नजिक सप्तश्री स्कूल जाने मार्गको सिँढी भत्किँदा स्थानीयवासी धैरै समस्यामा परेको बताइएको छ। विगत वर्षको भारी वर्षाको कारण बाटो भत्किएको भए तापनि हालसम्म मर्मत्ती भने नभएको स्थानीयवासीहरु बताउँछन्। समस्याबारे नगरपालिकामा निवेदन पेश गरिएको बताउँदै प्रशासनले यस माथि ध्यान दिनुपर्ने माग स्थानीयवासीले राखेका छन्।

**मिरिक**

गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो) का केन्द्रीय अध्यक्ष बिमल गुरुङ आगामी ६ मार्चदेखि मिरिक भ्रमणमा आउने भएका छन्। आज स्थानीय पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रतिनिधिहरूले यसबारे जानकारी गराएका छन्। गोजमुमो मिरिक महकुमा अध्यक्ष अनुसार, समसामयिक राजनीति केन्द्रित कार्यक्रमहरू तय गरिने भएकाले श्री गुरुङको यो भ्रमण महत्वपूर्ण रहनेछ। विमल गुरुङ एक हप्तासम्म मिरिकमा रहनेछन् भने यस क्रममा पार्टीका कार्यकर्ताहरूसित छलफल गर्नुहुनेछ। यसै क्रममा मिरिक महकुमा युवा मोर्चा अध्यक्षले अब पार्टी विकासभन्दा अधिक राजनैतिक निकासमा केन्द्रित हुने बताएका छन्।

**घैयाबारी**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको सांगठनिक सभा घैयाबारीस्थित पार्टी कार्यालयमा आज सम्पन्न भएको छ। सभामा समष्टिको प्रत्येक बुथको रिपोर्ट बुथका प्रतिनिधिहरुले समष्टि कमिटी समक्ष राखेका थिए।

****** ० ******